Administrative Appeals Tribunal

Migration & Refugee Division

# आप्रवास समीक्षा आवेदकहरूका लागि जानकारी - एमआर (MR) डिभिजन

हामी *आप्रवास ऐन १९५८ (Migration Act 1958)* अन्तर्गत मन्त्री वा अधिकारीहरू जो गृह मामिला विभाग (Department of Home Affairs) का मन्त्रीका प्रतिनिधिहरू हुन् उनीहरूले गरेका निर्णयहरूको समीक्षा गर्नसक्ने अधिकार भएको एक वैधानिक निकाय हौं।

समीक्षा सञ्चालन गर्दा, हामीले मुद्दालाई नयाँ मामिलाको रूपमा विचार गर्नुपर्दछ र कानुन अनुसार सही हुने निर्णय लिनुपर्छ। हामीसँग निर्णयहरू पल्टाउने र अर्को निर्णयलाई प्रतिस्थापित गर्ने, वा उक्त विभागलाई निर्देशनहरूसहितको पुनर्विचारको लागि मुद्दा फिर्ता गर्ने अधिकार छ। हामीले गर्ने समीक्षा सुलभ, निष्पक्ष, न्यायसंगत, किफायती, अनौपचारिक, द्रुत र समानुपातिक हुन आवश्यक छ।

भिसा मापदण्ड र भिसा रद्द, प्रायोजन, रोजगारदाताद्वारा मनोनयन तथा प्राप्तांक प्रणाली सम्बन्धित प्रावधानहरू आप्रवास ऐन (Migration Act) र सम्बन्धित नियमहरूमा निहित छन्।

## समीक्षा गर्न कति लामो समय लिने छ?

हामी सामान्यतया आवेदनको मितिको क्रमांक अनुसार मुद्दाहरू समीक्षा गर्दछौं। यद्यपि देहाएका मुद्दाहरूलाई प्राथमिकता दिन्छौं:

- आवेदक अध्यागमन हिरासतमा छ
- यो मुद्दा हामीले समीक्षा गर्न सक्ने अधिकारक्षेत्र भित्र पर्छ कि पर्दैन भन्ने प्रश्न छ
- अधिकृत अधिकारीले यो मुद्दालाई प्राथमिकता दिनु पर्ने बाध्यकारी कारणहरु भएको निर्णय गर्दछ
- भिसा रद्द गरिएको छ
- अदालतले हामीलाई पुनर्विचार गर्नका लागि मुद्दा पठाइएको छ वा फिर्ता गरेको छ
- प्रारम्भिक आवेदन विभागमा पठाइएको र फेरि अस्वीकृत भएपछि आवेदकले प्रारम्भिक आवेदन विभागमा पठाइएको र फेरि अस्वीकृत भएपछि आवेदकले पुनः आवेदन दिएका छन्
- निकट परिवारको भिसा अस्वीकृत गरिएको छ (सीमित परिस्थितिमा)।

प्रत्येक मुद्दा फरक हुने भएकोले यो भन्न गाह्रो छ कि तपाईंको मुद्दामा निर्णय लिन हामीलाई कति लामो समय लाग्छ। समीक्षाको अवधि विभिन्न तत्वहरूमा निर्भर हुन सक्छ। अझ, हामीले आप्रवासन हिरासतमा रहेका व्यक्तिहरूसँग सम्बन्धित मुद्दालाई प्राथमिकता दिनुपर्नेछ। हाम्रो वेबसाइटमा मुद्दाहरूलाई कसरी प्राथमिकता दिइन्छ भन्नेबारेमा र औसत प्रक्रियाको अवधिको बारेमा थप जानकारी पाईन्छ।

यदि तपाईंलाई बाध्यकारी कारणहरू भएकाले तपाईको मुद्दालाई प्राथमिकता दिनु पर्छ जस्तो लाग्छ भने तपाईको मुद्दालाई प्रशोधन गर्न प्राथमिकता दिन तपाईं अनुरोध गर्न सक्नुहुनेछ। कुनै पनि अनुरोध लिखित हुनुपर्छ र साथै समर्थन गर्ने प्रमाण समावेश गरेको हुनुपर्दछ। हामी तपाईंलाई प्राथमिकताको बारेमा हाम्रो निर्णयको बारेमा लिखित जानकारी दिनेछौं।

## मेरो आवेदनको प्रशोधन कहाँ हुनेछ?

समीक्षा आवेदन दर्ता गर्ने समयमा आवेदकहरूको आवासीय ठेगानामा आधारित भएरहामी न्यू साउथ वेल्स (NSW), भिक्टोरिया, क्वीन्सल्यान्ड, साउथ अष्ट्रेलिया वा वेस्टर्न अष्ट्रेलियाका हाम्रा कार्यालयहरू (रेजिस्ट्रीहरू) मा आवेदनहरूलाई प्रशोधन गर्दछौं। जहाँ आवेदकहरू NSW वा ACT मा अवस्थित हुन्छन् तिनीहरूको आवेदनहरू NSW मा प्रशोधन गरिन्छ। जहाँ आवेदकहरू भिक्टोरिया वा तास्मानियामा अवस्थित हुन्छन् तिनीहरूको आवेदनहरू भिक्टोरियामा प्रशोधन गरिन्छ। जहाँ आवेदकहरू साउथ अष्ट्रेलिया वा नर्थन टेरेटोरी मा अवस्थित हुन्छन्  तिनीहरूको आवेदनहरू साउथ अष्ट्रेलियामा प्रशोधन गरिन्छ। जहाँ आवेदक क्वीन्सल्याण्डमा अवस्थित हुन्छन्, तिनीहरूको आवेदनहरू त्यो राज्यमा प्रशोधन गरिनेछ। जहाँ आवेदक वेस्टर्न अष्ट्रेलियामा अवस्थित हुन्छन् तिनीहरूको आवेदनहरू त्यही राज्यमा प्रशोधन गरिनेछ। यदि कुनै आवेदक समीक्षा आवेदन दर्तापछि र उनीहरूको मुद्दा हेर्ने कुनै सदस्य (जसलाई Member भनिन्छ) लाई विनियोजन गर्नुअघि अर्को राज्यमा सरेको छ र  भने तिनीहरूको समीक्षा फाइल स्वतः माथि सूचीबद्ध सान्दर्भिक रजिस्ट्रीमामा हस्तान्तरण हुनेछ र त्यहाँबाट प्रशोधन हुनेछ।

## त्यसपछि के हुन्छ?

हामी अब विभागलाई  उनीहरूसँग भएका तपाईंले गराउन चाहेको समीक्षाको निर्णयसँग सम्बन्धित कुनै पनि कागजात वा फाइलहरू उपलब्ध गराउन अनुरोध गर्दछौं ।

यदि समीक्षाको लागि मान्य आवेदन गरिएको छ भने मात्र हामी सम्बन्धित निर्णयको समीक्षा गर्न सक्दछौं। यदि तपाईंको आवेदन मान्य छैन भने हामी तपाईंलाई जानकारी दिनेछौं।

हाम्रो समीक्षा प्रक्रिया प्रत्येक मुद्दाको परिस्थितिअनुसार फरक हुन्छ। हामीले निम्न कार्यहरू गर्न सक्छौँ:

- यदि यो आवश्यक ठानिन्छ भने थप जानकारी माग्ने,
- समीक्षाको मातहतमा निर्णय परिवर्तन नगर्ने आधार (को हिस्सा) बनेको कुनै पनि जानकारीमा टिप्पणी गर्न तपाईंलाई आमन्त्रित गर्ने
- यदि पेश गरिएका तपाईंको आवेदन र अरू कागजातहरूमा मात्र आधारित भएर निर्णय गर्न सकिँदैन भने सुनुवाइमा मौखिक प्रमाण दिन र तर्क प्रस्तुत गर्न उपस्थित हुन आमन्त्रित गर्ने (केही मुद्दामा टेलिफोन वा भिडियो कन्फरेन्स मार्फत)
- तपाईंलाई प्रमाण दिन वा उपलब्ध गर्न सक्ने अन्य व्यक्ति मनोनयन गर्न आमन्त्रित गर्ने, र
- हामीले प्राप्त गर्न सक्ने अन्य प्रमाण वा सामग्रीको सुझाव गर्न तपाईंलाई आमन्त्रित गर्ने।

केही मुद्दाहरूमा समीक्षा गर्ने सदस्यले सुनुवाइको अन्त्यमा निर्णयको घोषणा गर्न सक्दछन्। सो सदस्यले तपाईंलाई मौखिक निर्णयको लागि लिखित कारणहरू पठाउने निर्णय गर्न सक्दछ, जुन अवस्थामा तपाईंलाई सुनुवाइपछि १४ दिनभित्रमा निर्णयको कारणहरू पठाइनेछ। वैकल्पिक रूपमा, सो सदस्यले निर्णय घोषणा गर्न र सुनुवाइको निर्णयका लागि कारणहरूको मौखिक बयान दिन सक्छन्। यदि त्यस्तो हुन्छ भने, तपाईं सुनुवाईको १४ दिनभित्रमा  तपाईंलाई सुनुवाइमा भनिएको निर्णय र कारणहरूको लिखित प्रतिलिपि प्रदान गर्नका लागि हामीलाई लिखित अनुरोध गर्न सक्नुहुनेछ। यद्यपि प्रायः मुद्दाहरूमा सुनुवाइको अन्त्यमा निर्णय लिइने छैन र जब उक्त सदस्यले निर्णय लिन्छ, हामी तपाईं र विभागलाई निर्णय र कारणहरूको लिखित बयान पठाउनेछौं।

## के म तपाईंलाई थप जानकारी वा प्रमाण दिन सक्छु?

यदि तपाईंले विभागको निर्णयको प्रतिलिपि, वा अन्य कुनै सामग्री प्रदान गर्नुभएको छैन जुन तपाईको आवेदनलाई समर्थन गर्छ भन्ने विश्वास सहितको बयान सहित तपाईले विभागको निर्णयसंग किन सहमत हुनुहुन्न भने, कृपया जतिसक्दो चाँडो गर्नुहोस्।

यदि तपाईं एक दर्तावाल प्रयोगकर्ता हुनुहुन्छ भने तपाईंको फाराम, कागजात र पेशीलाई अनलाइन दाखिला सुविधामार्फत बुझाउन सक्नुहुन्छ, वा यसलाई ईमेल मार्फत, व्यक्तिगत रूपमा, हुलाकद्वारा वा फ्याक्स मार्फत बुझाउन सक्नुहुन्छ। हामी चाहन्छौं सबै सामग्री सकभर इलेक्ट्रोनिक रूपमा पठाइयोस्। तपाईंको सक्कली कागजातहरू वा प्रमाणित प्रतिलिपिहरू (जस्तै जन्म प्रमाणपत्र, विवाह प्रमाणपत्र, वा योग्यताहरू) बुझाउनु पर्ने आवश्यक्ता छैन भने इलेक्ट्रोनिक रूपमा पठाइएको कागजातहरूको प्रतिलिपिलाई फेरि हुलाकबाट पठाउनु पर्दैन। यदि तपाईं व्यक्तिगत रूपमा कागजातहरू बुझाउन चाहनु हुन्छ भने, कृपया हाम्रो लागि पनि ती कागजातहरूको प्रतिलिपि उपलब्ध गर्नुहोस्।

तपाईंले अन्य भाषाहरूमा लेखिएका कुनै कागजातहरूको मान्यताप्राप्त अनुवादकबाट गरिएको अंग्रेजी अनुवाद उपलब्ध  गर्नुपर्नेछ। कृपया हामीलाई कागजात र त्यसको अनुवाद दुबै पठाउनुहोस्।

## के तपाईंले राख्नुभएको जानकारीमाथि म पहुँच पाउन सक्छु?

तपाईंको आवेदनको सम्बन्धमा हामीले राखेका कुनै पनि कागजातहरूमाथि पहुँच गर्नका लागि, केही प्रतिबन्धहरूको अधीनमा रही, तपाईं *सूचना स्वतन्त्रता ऐन १९८२ (Freedom of Information Act 1982)* अन्तर्गत पहुँच अनुरोध गर्न सक्नुहुन्छ। यदि हामी केही जानकारी खुलासा गर्न सक्दैनौं भने हामी तपाईंलाई जानकारी दिनेछौं र कसरी तपाईं पहुँच प्रदान नगर्ने हाम्रो निर्णयको समीक्षा गराउन सक्नुहुन्छ भन्ने जानकारी दिनेछौँ।  यदि मुद्दा सक्रिय छ भने लिखित सामग्रीको पहुँच आप्रवास ऐन अन्तर्गत पनि उपलब्ध हुन्छ। सूचना स्वतन्त्रता ऐन तथा आप्रवास ऐन दुबै अन्तर्गत जानकारी पहुँच गर्ने सम्बन्धी थप जानकारीहरूहाम्रो वेबसाइट www.aat.gov.au मा उपलब्ध छन्।

## हामी तपाईंसँग कसरी पत्राचार गर्दछौं?

तपाईंलाई पत्राचार पठाउनका लागि तपाईंले रिज्न सक्नुहुन्छ, वा तपाईंको तर्फबाट पत्राचार पाउनका लागि कुनै व्यक्तिको मनोनयन गर्न सक्नुहुन्छ (यो व्यक्तिलाई *अधिकारप्राप्त प्रापक* को रूपमा चिनिन्छ)।

यदि तपाईंले एक अधिकारप्राप्त प्रापकलाई मनोनयन गर्नुहुन्छ भने, हामी  सबै पत्राचार तिनीहरूलाई पठाउनेछौं। हामीले कुनै पनि पत्राचारको प्रति तपाईंका साथै तपाईंको अधिकारप्रदत्त प्रापकलाई पठाउने दुईवटा परिस्थितिहरू हुन्छन्। पहिलोमा यदि सो समीक्षा ब्रिजिङ् भिसा अस्वीकार वा रद्द गर्ने निर्णयसँग सम्बन्धित छ र सो निर्णयको परिणामस्वरूप तपाईं हिरासतमा ('ब्रिजिङ् भिसा (हिरासत)' मुद्दा भनिन्छ) हुनुहुन्छ भने। दोस्रोमा यदि तपाईंको प्रतिनिधि वा अधिकारप्रदत्त प्रापकको रूपमा कुनै माइग्रेसन एजेन्टलाई मनोनीत गर्नुभएको छ, र त्यो माइग्रेसन एजेन्टको दर्ता निलम्बन वा रद्द गरिएको वा म्याद नाघेको छ भने।

कृपया तपाईंको सम्पर्क विवरणमा भएको कुनै परिवर्तनको बारेमा र, यदि तपाईंको कोहि अधिकारप्रदत्त प्रापक छ भने, तिनीहरूको कुनै परिवर्तनको बारेमा हामीलाई  तुरून्त सूचित गर्नुहोस् । कुनै परिवर्तन भएमा तपाईंले आफ्नो आधिकारिक प्रापकलाई (यदि तपाईंको कोहि छ भने) र विभागलाई पनि सूचित गर्नुपर्दछ। यदि हामीले पत्राचारको प्रतिक्रिया प्राप्त गरेनौं भने, कुनै थप सूचनाबिना तपाईंको मुद्दाको निर्णय गर्न सकिन्छ।

## सल्लाह, सहायता र प्रतिनिधित्व

हाम्रो प्रक्रियाहरू सरल हुने तरिकाले बनाईएको छ ताकि परिणामहरू एक व्यक्तिले व्यावसायिक सल्लाह वा सहायता लिएको या नलिएकोमा निर्भर हुँदैन। यद्यपि तपाईंले सल्लाह र सहायता लिने छनौट गर्न सक्नुहुन्छ। हामी कुनै सेवा प्रदायकलाई समर्थन वा सिफारिस गर्दैनौं।

आप्रवास ऐनअन्तर्गत, केही निश्चित व्यक्तिले मात्र तपाईंलाई AAT को लागि आवेदन तयार पार्न वा तपाईंको प्रतिनिधित्व गराउन सहयोग गर्न सक्छन्। तिनीहरूमा दर्तावाल माइग्रेसन एजेन्ट, कार्यरत

प्रमाणपत्र भएका अष्ट्रेलियन वकिल, एक नजिकको परिवार सदस्य र भिसा मनोनयनकर्ता वा प्रायोजक पर्छन्। केवल एक दर्तावाला माइग्रेसन एजेन्ट वा कार्यरत प्रमाणपत्र भएका अष्ट्रेलियन वकिलले आप्रवास सहायताको लागि तपाईंलाई शुल्क तिर्न भन्न सक्छन्। माइग्रेसन एजेन्ट दर्ता प्राधिकरण (Migration Agents Registration Authority) को कार्यालयबाट तपाईंलाई माईग्रेसन एजेन्ट दर्ता भएको छ कि छैन जाँच्न गर्न सक्नु हुन्छ (1300 226 272 वा 02 9078 3552 मा फोन गर्नुहोस्; वा https://www.mara.gov.au/) हेर्नुहोस्।

तपाईंको समीक्षाको लागि मद्दत पाउनेबारेमा थप जानकारी हाम्रो वेबसाइट www.aat.gov.au मा 'सहायता' (Assistance) पृष्ठबाट पाउन सक्नुहुन्छ।

यदि तपाईंले हामीसँगको व्यवहारमा तपाईंको प्रतिनिधित्व गर्ने अर्को व्यक्ति नियुक्त गर्नुभयो भने, तिनीहरूले निम्न कार्यहरू गर्न सक्छन्:

- तपाईंको तर्फबाट हामीसँग कुराकानी गर्न
- हामीलाई तपाईंको तर्फबाट लिखित प्रमाण र लिखित पेशीहरू बुझाउन
- समीक्षासँग सम्बन्धित कागजातहरूमाथिको पहुँचलाई अनुरोध गर्न, र
- सुनुवाइमा उपस्थित हुन (तर मौखिक तर्क प्रस्तुत गर्न सक्दैनन्, जबसम्म सदस्यले यो अनुमति दिँदैनन्)।

सामान्यतया, एक व्यक्ति प्रतिनिधि र अधिकारप्राप्त प्रापक दुवै रूपमा नियुक्त गरिन्छ। यदि तपाईं समीक्षाको क्रममा आफ्नो प्रतिनिधि परिवर्तन गर्नुहुन्छ भने, तपाईंले तुरून्त हामीलाई तपाईंको नयाँ प्रतिनिधिको नाम र सम्पर्क विवरणहरू भन्नुपर्नेछ। जबसम्म तपाईं यो गर्नुहुन्न, हामी अघिल्लो प्रतिनिधिसँग पत्राचार गर्ने र व्यवहार गर्ने क्रम जारी राख्नेछौं।

## यदि मेरो व्यक्तिगत परिस्थिति परिवर्तन भयो भने के हुन्छ?

यदि तपाईंको व्यक्तिगत परिस्थिति परिवर्तन भयो वा भिसा आवेदकको परिवर्तन भएको छ (जस्तै उनीहरू विवाह, सम्बन्ध विच्छेद भयो, बच्चा पायो, वा भिसा आवेदकसँगको तपाईंको सम्बन्ध परिवर्तन भएको छ) र यो निर्णयको समीक्षासँग प्रासंगिक छ भने तपाईंले तुरुन्त हामीलाई जानकारी दिनुपर्दछ।

तपाईंको आवेदन हामीसँग समीक्षाको लागि बुझाईसकेपछि यदि तपाईं विदेशमा यात्रा गर्न चाहनुहुन्छ भने तपाईंसँग अष्ट्रेलियामा फर्कन पाउने उपयुक्त भिसा रहेको सुनिश्चित गर्न तपाईंले विभागलाई सम्पर्क गर्नुपर्नेछ। यदि तपाईं विदेशमा यात्रा गर्ने निर्णय गर्नुहुन्छ भने तपाईंले हामीलाई लिखित जानकारी दिनुपर्नेछ र तपाईंको यात्राको लागि अनुमानित मिति र तपाईंको विदेशको सम्पर्क विवरणहरू प्रदान गर्नुपर्नेछ।

## यदि मैले मेरो आवेदन फिर्ता लिने निर्णय गरे के हुन्छ?

कुनै पनि समयमा आवेदन फिर्ता लिन सकिन्छ। यदि तपाईंले आफ्नो आवेदन फिर्ता लिनुभयो भने, हामी कुनै कार्यवाही अगाडि बढाउने छैनौं र समीक्षाको क्रममा रहेको निर्णय यथावत रहनेछ। आवेदन फिर्ता लिए बापत सीमित अवस्थामा मात्र आवेदन शुल्क फिर्ता गरिन्छ। , जस्तै भिसा आवेदकको वा आवेदनमा रहेका आवेदकको परिवार सदस्यको मृत्यु भएमा, वा उही वर्गको (क्लास) को भिसा स्वीकृत भएमा (प्राप्त अंकको पुनर्विचार गर्ने बाहेक केहि 'स्किल' भिसा उप-वर्गहरूको मूल्यांकन प्रक्रियामा लागू हुनेछ)। जहाँ शुल्क फिर्ता पाउन योग्य हुनु हुन्छ, तपाईंलाई चेक मार्फत भुक्तानी गरिनेछ। यदि तपाईं फिर्ती चेक अर्को व्यक्तिको नाममा बनाउन चाहनुहुन्छ भने तपाईंले हामीलाई लिखित अनुमति प्रदान गर्नुपर्नेछ। शुल्क फिर्तीको चेक तपाईंलाई पठाइने छ वा यदि तपाईंले अधिकृत प्राप्तकर्ता मनोनयन गर्नुभएको छ भने सो व्यक्तिलाई पठाइने छ।

## यदि मैले टिप्पणी गर्न वा गुनासो गर्न चाहेमा के हुन्छ?

तपाईंको अनुभवको बारे तपाईंलाई के मन पर्यो वा हामीले के सुधार गर्न सकिन्छ भन्ने बारेमा बताएर तपाईंले हामीलाई मद्दत गर्न सक्नुहुनेछ। यदि तपाईं हामीलाई प्रतिक्रिया दिन चाहनुहुन्छ भने तपाईं  आफ्नो मुद्दामा सम्हाल्ने अधिकारीलाई भन्न सक्नुहुन्छ। वैकल्पिक रूपमा तपाईं हाम्रो वेबसाइटमा "हामीलाई सम्पर्क गर्नुहोस्" (Contact us) पृष्ठमा उपलब्ध अनलाइन प्रतिक्रिया फाराम भर्न सक्नुहुन्छ , वा GPO Box 9955, Sydney NSW 2001 मा हामीलाई 'गोप्य' ('confidential') जनाएर लिखित उजूरी पठाउन सक्नुहुन्छ।